# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७८/०७९
च.न. :

विषय:- विज्ञापन कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि १५ दिने सूचना।

दोश्रो पटक प्रकाशित मिति: २०७९/०३/१९ गते

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल चौक सडक वा कसैको निजी घर पर्खालमा कुनै उत्पादक कम्पनी वा अन्य व्यावसायीहरूले आफ्नो व्यवसायको प्रचार प्रसारका लागि लगाईएका होर्डिङ बोर्ड, साईन बोर्ड, ग्लोब बार्ड, स्टल, व्यानर, भित्तेलेखन लगायत अन्य प्रचार सामाग्रीहरूबाट विज्ञापन कर सकलन गर्न सक्ने प्रावधान स्थानीयतहलाई भए बमोजिम आगामी आ.व. ०७९/०८० का लागि यस उप-महानगरपालिकावाट तोकिएको दररेट बमोजिम कर सकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउ पत्रको आह्वानको सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. न्युनतम ठेक्का अक रू. १८,०५,०००/- (अक्षरुपी अठार लाख पाच हजार मात्र) मु.अ.कर. र अन्य कर बाहेक कायम गरिएको छ।
२. ठेक्का आ.ब. ०७९/०८० सालको असार मसान्त सम्मको लागि ठेक्काको सम्झौता गरिनेछ।
३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।
४. दरभाउ पत्र मिति २०७९/०४/०१ गते कार्यालय समयभित्र राजश्व शाखाबाट वा रा.बा.बैंकको यस कार्यालयको आन्तरीक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. १,०००/- (पछि फिर्ता नहुने गरी) जम्मा गरी खरीद गर्न सकिने छ।
५. दरभाउ पत्र मिति २०७९/०४/०२ गते दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। दरभाउ पत्र मिति २०७९/०४/०२ गते दिनको १:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६. दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।
७. दरभाउ पत्र दर्ता गर्दा दरभाउ पत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ। बोलपत्र समावेश गर्नका लागि कार्यालयमा हार्ड कपि वा अनलाईन www.bolpatra.gov.np/egp बाट समेत पेश गर्न सकिनेछ
८. दरभाउ पत्र दाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्वारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।
९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउन पर्नेछ।
१०. दरभाउ पत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।
११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन। संकलन गर्ने करको दर रेट टेण्डर फारामबाट हेर्न सकिनेछ। दरभाउ पत्र दाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।
१२. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
१३. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।
१४. यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ।